नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**अनुगमन तथा मूल्याङ्कन शाखा**

पत्र संख्या : २०७२/७३
च.नं. : २१२

**सिंहदरबार, काठमाडौं**

मिति २०७२।१२।२४

**विषयः सचिव बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री महाशाखा प्रमूखज्यू, महाशाखा सबै, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय।
श्री केन्द्रीय पंजीकरण विभाग, बबरमहल।
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, पुल्चोक।
श्री आयोग/प्रतिष्ठान/समिति/आयोजना/कार्यक्रम, सबै।

मिति २०७२ चैत्र १५ गते नेपाल सरकारका मूख्यसचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको निर्णय यसैसाथ संलग्न छ। त्यहाँ महाशाखा/विभाग/आयोजना/ कार्यक्रम/समिति/ प्रतिष्ठान/ आयोगसँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गरी सो को प्रगतिको अवस्था अनुगमन तथा मुल्यांकन महाशाखामा तिन दिनभित्र उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ।

बोधार्थः
श्री सुचना तथा विद्युतीय शासन शाखाः-उक्त पत्र वेभ साईटमा राखिदिनु हुन।

०७२।१२।२४
(ओमकुमारी पोखरेल)
शाखा अधिकृत

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

मिति २०७२/१२/१५ मा बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | नेपाल सरकारका मन्त्रालय तथा निकायहरुसंग विभिन्न विषयमा माग गरिएका राय/परामर्श सम्बन्धित मन्त्रालय/निकायबाट समयमै उपलब्ध गराउन नसक्दा महत्वपूर्ण निर्णयहरुमा विलम्ब हुने हुँदा यसरी माग गरिएको राय/परामर्श दिनुपर्ने निकायले अर्को ७ सात दिन सम्म पनि उपलब्ध नगराएमा सहमती रहेको मानी कार्य अघि बढाउने । | सम्बन्धित सबै मन्त्रालय तथा निकायहरु | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| २. | वर्तमान सरकारको ६ महिनाको कार्य प्रगति अवस्थाको विवरण सबै मन्त्रालय/निकायले आगामी २०७२ चैत्र १८ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आईपुग्ने गरि अनिवार्यरुपमा पठाउने । | सम्बन्धित सबै मन्त्रालय तथा निकायहरु | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (योजना तथा अनुगमन शाखा) | २०७२ चैत्र १८ गतेभित्र |
| ३. | आगामी आ.व.को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अधुरा आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने तर्फ ध्यान दिई सोही बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने/गराउने । | सम्बन्धित सबै मन्त्रालय तथा निकायहरु | अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा) | |
| ४. | सबै मन्त्रालयहरुले निर्माणाधिन आफु मातहतका राष्ट्रिय गौरवका आयोजनाहरु र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि उपलब्ध गराउनु पर्ने इन्धनको परिमाण एकिन गरि आपूर्ति मन्त्रालयसंग माग गर्ने र सो बमोजिमको इन्धन आपूर्ति मन्त्रालयले उपलब्ध गराउने व्यवस्था मिलाउने । | सम्बन्धित मन्त्रालयहरु | आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा) | निरन्तर |
| ५. | पूँजिगत खर्च प्रगति अत्यन्त न्यून अवस्थामा रहेको देखिदा सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मातहतका कार्यक्रमहरु प्रभावकारीताका साथ कार्यान्वयन गरि खर्च अभिवृद्धि गराउने तर्फ विशेष पहल गर्ने । सो को मासिक प्रगती प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने । | सम्बन्धित सबै मन्त्रालयहरु | महालेखा नियन्त्रकको कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास महाशाखा) र अर्थ मन्त्रालय | निरन्तर |
| ६. | सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयन अवस्था | सम्बन्धित सबै | | (कानुन तथा फैसला | निरन्तर |

मुख्य सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | सन्तोषजनक नरहेको देखिएकोले सबै निकायले यसतर्फ विशेष सक्रियता देखाई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने । | मन्त्रालय तथा निकायहरु | | कार्यान्वयन शाखा) | |
| ७. | सबै मन्त्रालय/निकायहरुले आफु र मातहत निकायमा रहेका बेरुजु फर्छयौट गर्नेतर्फ तुरुन्त क्रियाशिलता अवलम्बन गर्ने | सम्बन्धित सबै मन्त्रालय तथा निकायहरु | महालेखा नियन्त्रकको कार्यालय | महालेखा नियन्त्रकको कार्यालय | निरन्तर |
| ८. | नेपालको राष्ट्रिय गौरवको रुपमा रहेको ऐतिहासिक सम्पदा धरहरा २०७२ साल बैशाख १२ गतेको महाभुकम्पमा ध्वस्त भई यसको पुनः निर्माणकालागि "**मेरो धरहरा मै बनाउछु**" भन्ने अभियान अन्तरगत नेपालीको आफ्नै पुँजीमा निर्माण गर्ने उद्देश्यका साथ रकम संकलन गर्न नेपाल सरकारका विशिष्ठ श्रेणीका पदाधिकारीहरुबाट ३ तीन दिनको शुरु तलब स्केल बराबरको रकम जम्मा गर्ने ।त्यसैगरि नेपाल सरकारका राज पत्रांकित र रा.प.अनंकित एवं अन्य सरकारी तथा अन्य विभिन्न निकायमा कार्यरत कर्मचारीहरुबाट समेत स्वेच्छाले रकम संकलन गर्न सबै मन्त्रालय/आयोग/निकायहरुले पहल गर्ने। | सबै मन्त्रालय/आयोग/ तथा निकायहरु | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक प्रशासन शाखा) | |
| ९. | विज्ञान तथा प्रविधी मन्त्रालयले Nuclear Law को मस्यौदा तयार गरि प्रक्रिया अगाडी बढाउने । | विज्ञान तथा प्रविधी मन्त्रालय | सम्बन्धित मन्त्रालय तथा निकायहरु | | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं